फोन नं : ०८९-४२०१३२
फ्याक्स नं. : ०८९-४२०१३२
ईमेल : dfodailekh.2077@gmail.com

प्रदेश सरकार
कर्णाली प्रदेश, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, दैलेख

8/C

पत्र संख्या ०७७।०७८
च.नं. ९३५

मिति : २०७७।१२।१०

विषय : सूचना टाँस गरी सो को जानकारी पठाईदिनुहुन ।

श्री नारायण नगरपालिकाको कार्यालय, नारायण, दैलेख ।
श्री दुल्लु नगरपालिकाको कार्यालय, दुल्लु, दैलेख ।
श्री चामुण्डा विन्द्रासैनी नगरपालिकाको कार्यालय, जम्बुकाँध, दैलेख ।
श्री आठविस नगरपालिकाको कार्यालय, राकम कर्णाली, दैलेख
श्री भैरवी गाउँपालिकाको कार्यालय, भैरीकालीकाथुम, दैलेख ।
श्री डुंगेश्वर गाउँपालिकाको कार्यालय, डाँडापराजुल, दैलेख ।
श्री नौमुले गाउँपालिकाको कार्यालय,नौमुले, दैलेख ।
श्री गुँरास गाउँपालिकाको कार्यालय, गुँरासे, दैलेख ।
श्री भगवतीमाई गाउँपालिकाको कार्यालय, बेस्तडा, दैलेख ।
श्री ठाटिकाँध गाउँपालिकाको कार्यालय, ठाटिकाँध, दैलेख ।
श्री महावु गाउँपालिकाको कार्यालय, गैडाबाज, दैलेख ।

उपरोक्त सम्वन्धमा यस कार्यालयको आ.व. २०७७।०७८ को स्विकृत बार्षिक कार्यक्रम अनुसार जडिवुटी उत्पादन, खेती विस्तार तथा उद्यम विकास कार्यक्रम संचालन गर्न प्रस्ताव आह्वानको सूचना पाना २ (दुई) यसै पत्र साथ संलग्न गरी पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाईदिनुहुन अनुरोध छ । साथै मातहतका वडा कार्यालयहरूमा समेत सुचना टाँस गर्ने प्रवन्ध मिलाईदिनुहुन अनुरोध छ ।

२०७७।१२।१०

मुन बहादुर रावत
डिभिजन वन अधिकृत
(मुनबहादुर रावत)

"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"

Scanned with CamScanner

प्रदेश सरकार
कर्णाली प्रदेश, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

फोन नं : ०८९-४२०१३२
फ्याक्स नं. : ०८९-४२०१३२
ईमेल : dfodailekh.2077@gmail.com

# डिभिजन वन कार्यालय, दैलेख

प्रथम पटक प्रकाशित मितिः २०७७।१२।१०

## डिभिजन वन कार्यालय दैलेखको प्रस्ताव आव्हान सम्वन्धी सुचना

यस कार्यालयको आ.व. २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस जिल्लामा तपसिलमा उल्लेखित जडिवुटि उत्पादन, खेती विस्तार तथा उद्यम विकास कार्यक्रम संचालनको लागी ईच्छुक सहकारी, समुह, समुदाय, संस्था, निजि किसान, फर्मले धमाका **राष्ट्रिय दैनिक र हाम्रो तेश्रो आँखा राष्ट्रिय दैनिक** पत्रिकामा प्रथम पटक मिति २०७७।१२।१० मा प्रकाशन भएको मितिले २१ दिन भित्र सिलवन्दी प्रस्ताव पेश गर्न यो सुचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क.सं. | कार्यक्रम तथा क्रियाकलाप | बजेट रु लाखमा |
|---|---|---|
| १ | जडिवुटी उत्पादन, खेती विस्तार तथा उद्यम विकास कार्यक्रम | ५० |

**कार्यक्रमको उद्देश्यः** जडिवुटिको संरक्षण एवं पुर्नउत्पादनशील क्षमताको संरक्षण गर्न, असल खेती पद्धती विकास गर्न, कृषकको निजि खेतबारीमा जडिवुटी खेती विस्तार गरी उत्पादन बढाउन प्रोत्साहन गर्न ।

**सिलबन्दी प्रस्तावमा अनुदानग्राहीले पेश गर्नुपर्ने कागजात**

१) आवेदन पत्र, (कार्यालयबाट तोकिएको ढाँचामा)
२) सहकारी/समुह/समुदाय/संस्था/फर्मको हकमा दर्ता प्रमाण पत्र, नविकरण पत्र, बार्षिक लेखापरिक्षण प्रतिवेदन, स्वीकृत विधानको प्रमाणित प्रतिलिपि ।
३) जिम्वेवार पदाधिकारी/प्रतिनिधिको नागरिकताको प्रमाणित प्रतिलिपि ।
४) संक्षिप्त व्यवसायिक कार्ययोजना (प्राविधीक र आर्थिक प्रस्ताव),
५) अनुदानग्राहीले एउटै कामको लागी संघ, प्रदेश, स्थानीय तह वा अन्य कार्यालयहरूबाट दोहोरो सुविधा नलिएको ब्यहोरा खुल्ने गरी सम्बन्धीत वडा पालिका र नगरपालिका/गाउँपालिकाको सिफारीस पत्र,
६) संयूक्त लगानीको प्रस्तावमा मुख्य र अन्य प्रस्ताव भएको सम्झौता पत्र,
७) कार्यक्रम संचालन हुने जग्गाको नापी नक्सा, जग्गाधनी प्रमाण पत्र, तिरो तिरेको रसिदको प्रतिलिपि लगायत जग्गाको स्वामित्व स्थापित हुने कागजातहरू,
८) सहकारी/समुह/समुदाय/संस्थाको निर्णय प्रतिलिपि ।

**अनुदानग्राहीको योग्यता र पालन गर्नुपर्ने शर्त**

१) संस्थाको हकमा नेपालको प्रचलित कानुन अनुसार संस्था दर्ता गरेको हुनुपर्ने र नेपाली नागरिकबाट संचालित संस्था हुनुपर्ने ।
२) राजनितिक विचारबाट तटस्थ संस्था हुनुपर्ने ।
३) कुनै कार्य गर्नको लागी छुट्टै निकायको अनुमति आवश्यक पर्ने भएमा सम्वन्धित निकायबाट उक्त अनुमति प्राप्त गरेको हुनुपर्ने ।
४) प्रचलित कानुन बमोजिम कालोसुचिमा परेको हुन नहुने ।
५) संस्था नविकरण र करचुक्ता अद्यावधिक हुनुपर्ने ।



मुन वहादुर रावत
डिभिजनल वन अधिकृत

Scanned with CamScanner

प्रदेश सरकार
कर्णाली प्रदेश, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय, दैलेख

फोन नं : ०८९-४२०१३२
फ्याक्स नं. : ०८९-४२०१३२
ईमेल : dfodailekh.2077@gmail.com



**अनुदानग्राहीको तर्फबाट गर्नुपर्ने साझेदारी**

सहकारी/समुह/समुदाय/संस्थाले कुल लागतको कम्तीमा ३० प्रतिशत रकम र निजि किसान/फर्मले कुल लागतको कम्तीमा ५० प्रतिशत रकम प्रस्तावकको तर्फबाट वेहोर्नु पर्ने छ ।

**अन्य थप जानकारी**

१) जडिबुटी उत्पादन तथा खेती विस्तारमा संलग्न किसानहरुलाई आवश्यकता र औचित्यताको आधारमा अधिकतम २ लाखमा नवढ्ने गरी र सहकारी/समुह/समुदाय/संस्थालाई ५ लाखमा नवढ्ने गरी अनुदान उपलब्ध गराईनेछ सकिनेछ ।

२) जिन्सी सामान/उपकरण/मेसिनरी औजार/वस्तुगत सहायता लगायतका सामग्री खरिदको हकमा कार्यालयबाट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम खरिद गरी कार्यालयबाटै हस्तान्तराण गरिनेछ ।

३) प्रस्तावहरू मिति २०७७ साल चैत ३० गते कार्यालय समय भित्र दर्ता गरी सक्नु पर्नेछ

४) प्रताव स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

५) म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरुलाई मान्यता दिईने छैन ।

६) अन्य कुराहरूका हकमा प्रचलित ऐन, निर्देशिका र कार्यविधी बमोजिम हुनेछ ।

यस सम्बन्धी थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस कार्यालयमा वा फोन नं. ०८९४२०१३२ मा सम्पर्क राख्न सकिनेछ ।